नेपाली राजदूतावास
*Embassy of Nepal*
**Berlin, Germany**

## प्रेस विज्ञप्ति

राष्ट्रिय प्रजातन्त्र दिवस २०७७ मूल समारोह समितिको निर्णय तथा परराष्ट्र मन्त्रालयको निर्देशन बमोजिम नेपाली राजदूतावास बर्लिनमा आज जर्मन सरकारद्वारा जारी बन्दाबन्दीको नियम समेत पालना गर्दै ७२ औं राष्ट्रिय प्रजातन्त्र दिवस समारोहको आयोजना गरियो । उक्त अवसरमा महामहिम राजदूत श्री रामकाजी खड्काज्यूले नेपालको राष्ट्रिय झण्डा फहराउनु भएको थियो ।

नेपालको राष्ट्रिय गान वजाइ ज्ञात-अज्ञात सहिदहरुप्रति एक मिनेट मौन धारण गरिएको उक्त कार्यक्रमको महामहिम राजदूतज्यूले पानसमा बत्ती बालेर शुरुआत गर्नुभएको थियो ।

राष्ट्रिय प्रजातन्त्र दिवसको यस पावन अवसरमा जर्मनी तथा सह-प्रमाणिकृत मुलुकहरु होली सी, पोल्याण्ड, चेक रिपब्लिक, स्लोभाक गणतन्त्र, सर्बिया, हंगेरी, रोमानिया, युक्रेन तथा बुल्गेरियामा बसोवास गर्नुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुको सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै महामहिम राजदूतज्यूले आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक र समावेशी-समानुपातिक शासन व्यवस्थाको जग बसाल्ने शुरुआति प्रजातन्त्रिक अभियानको रुपमा २००७ फागुन ७ लाई स्मरण गर्नुभयो । नेपाली जनतामा प्रजातन्त्रको चेतना भर्ने र आजको लोकतान्त्रिक व्यवस्थाको जग निर्माण गर्ने आन्दोलनको उपलब्धि स्वरुप २००७ साल फागुन ७ आएको उल्लेख गर्दै वहाँले वर्तमान शासन प्रणालीको स्वरुप अनुरुप नियोगले पनि 'समृद्ध नेपाल, सुखी नेपाली' को आकांक्षा पुरा गर्न सुशासन, विकास र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप आफ्ना क्रियाकलापमा तादम्यता कायम गरेको उल्लेख गर्नुभयो । उक्त कार्यक्रम नियोगका तृतीय सचिव श्री सहारा चौलागाईले सन्चालन गर्नु भएको थियो ।

यस महत्वपूर्ण अवसरमा फागुन ६ र ७ गते राजदूतावास तथा राजदूत निवासमा दिपावली गरिएको थियो । फाल्गुण ८ गते पनि दिपावली गर्ने कार्यक्रम रहेको छ ।

नेपाली राजदूतावास,
वर्लिन, जर्मनी ।
७ फागुन २०७८

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np